तमानखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ०२ मितिः २०८१/०९/०३ गते

**भाग-२**

**तमानखोला गाउँपालिका**

## गाउँपालिका स्तरीय हलगोरु पालन प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

**प्रस्तावना :**
तमानखोला गाँउपालिका पशुपालनको क्षेत्रमा प्रसस्त सम्भावना बोकेको गाँउपालिका हो । यहाँ अधिकांस मानिसहरुको मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन लाई अवलम्बन गरेका छन् । जसमा आधुनिकीकरण संगै व्यावसायिकरण तर्फ आकर्षित भएका कृषकहरुले उन्नत जातका पशुपालन गर्ने र धेरै उत्पादन गर्ने होडबाजिका कारण आधुनिक उपकरण तथा औजार प्रयोग गर्दा स्थानीय गोरु लोभ हुने अवस्थामा पुगेकोले स्थानीय गोरु संरक्षण गरी खेत जोत्ने तथा खेतिको लागि आवश्यक प्राङ्गारिक मल उत्पादन गर्ने परम्पराको संरक्षण गर्न, गोरुले जोतेर खेति गर्ने परम्पराको संरक्षण गर्न , स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न तथा छाडा चौपाया नियन्त्रण गर्न वाञ्छनिय देखिएकोले तमानखोला गाँउपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ को उपदफा १ दिएको अधिकार प्रयोग गरि तमानखोला गाँउपालिकाले यो कार्यविधि बनाएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क)यस कार्यविधिको नाम "हलगोरु पाल्ने कृषकलाई नगद प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१" रहेको छ ।
(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुने छ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**
क."कार्यलय" भन्नाले तमानखोला गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ ,
ख."कार्यक्रम" भन्नाले तमानखोला गाउँपालिका हल गोरु पाल्ने कृषकलाई नगद प्रोत्साहन अनुदान कार्यक्रम तथा बजेट सम्झनु पर्दछ ।
ग. "गाउँपालिका" भन्नाले तमानखोला गाउँपालिका सम्झनु पर्दछ ।
घ."अध्यक्ष" भन्नाले तमानखोला गाँउपालिका अध्यक्ष सम्झनु पर्दछ ।
ङ."प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तमानखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।
च."ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनु पर्दछ ।
छ. "कृषक" भन्नाले आफ्नै हल गोरु भई कृषि कार्य गर्ने व्यक्ति सम्झनु पर्दछ ।
ज."समिति" तमानखोला गाउँपालिकामा गठित आर्थिक विकास समिति सम्झनु पर्दछ ।
झ. "शाखा" भन्नाले तमानखोला गाउँपालिकाको पशुसेवा शाखा सम्झनु पर्दछ ।

३.उधेश्य
क. प्राङ्गारिकमल उत्पादन गर्ने परम्पराको संरक्षण गर्न ।
ख. गोरुले जोतेर खेती गर्ने परम्पराको संरक्षण गर्न ।
ग. माटोमा रहेको प्राङ्गारिक पदार्थलाइ ह्रास हुन नदिन ।
घ. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न ।
ङ. छाडा पशु चौपाय नियन्त्रण गर्न ।
च. रासायनिक मलको प्रयोगमा कमी ल्याउन ।

**परिच्छेद २**
३. कार्यक्रम सञ्चालन प्रकिया
क) कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाले पन्ध्र दिनको समय सिमा राखि अनुसूची १ बमोजिमको सुचना प्रकाशन गर्ने छ ।
ख) कार्यक्रममा सहभागि हुन चाहने कृषकले अनुसूची २ बमोजिमको निवेदन तमानखोला गाउँपालिका पशुसेवा शाखामा पेश गर्नु पर्नेछ ।

**निवेदन पेश गर्दा समाबेश गर्नुपर्ने कागजातहरु :-**

**१ .** नागरिकता को छाया प्रति १ थान ।
**२ .** सम्बन्धित कृषकको बैंक खाता नम्बर ।
**३.** अनुसूची ३ बमोजिम कम्तिमा २ बर्ष हलगोरु पाल्ने र आफै खेत जोत्ने कार्यमा संलग्न भएको तथा हुने प्रतिवद्धता पत्र ।
**४.** निवेदक र हलगोरु संयुक्त रुपमा देखिने गरि गोठमा बाँधेको रङगीन फोटो ।
**५.** सम्बन्धित वडाको सिफारिस ।

**६.** अनुसूची २ बमोजिमको आवेदन पत्र ।

**ग)** आवेदकलाइ जानकारी : आवेदक कृषक छनोट भए लगतै शाखाले सम्बन्धित कृषकलाइ जानकारी गराउने छ ।

**परिच्छेद ३**

**४ . मुल्याङ्कन तथा छनौट बिधि**

क. प्रस्ताब/निवेदन संकलन गरि सुचिकृत भएका कृषक मध्ये अनुसूची ४ बमोजिमको मापदण्ड अनुसार आवेदकको मुल्याङ्कन गरी उपयुक्त कृषक छनौटको कार्य आर्थिक विकास समितिले गर्नेछ ।

ख. अनुदान प्राप्त गर्ने किसान छनौट गर्दा जतिसुकै अंक प्राप्त भएतापनि प्रत्यक वडाबाट कम्तिमा ५ प्रतिशत कृषक पर्ने गरी छनौट गर्नुपर्नेछ।

ग. आर्थिक बिकास समितिले मुल्याङ्कनको चरणमा कुनै कृषकको निवेदन साथ उपलब्ध गराएको कुनै कागजातमा अस्पष्ट लागेमा थप कागजात माग गर्न सक्ने छ।

घ. गाउँपालिकाले कृषकको निवेदन सम्बन्धित वडा वा पशुसेवा शाखा बाट समेत संकलन गर्ने गरि ब्यवस्था मिलाउन वा घुम्ति शिविर मार्फत निबेदन संकलन गर्न सक्नेछ।

**५ . अनुगमन तथा मुल्याङ्कन**
यस कार्यक्रमको अनुगमन गर्न सम्बन्धित शाखाको प्राविधिकले कृषकको घर दैलोमा गई अनुगमन गरी मुल्याङ्कनका लागि आर्थिक विकास समिति समक्ष प्रतिवेदन पेश गर्ने।

**परिच्छेद ४**

**६. भुक्तानी गरिने अनुदान तथा प्रक्रिया** :-

क) छनौट भएका कृषकलाइ आर्थिक विकास समितिको निर्णय अनुसार प्रति कृषक अधिकतम रु १०,००० ( अक्षरुपी दश हजार मात्र) नबढ्ने गरि सम्बन्धित कृषकको बैंक खातामा प्रोत्साहन रकम उपलब्ध गराइने छ।

**७. संशोधन** :- यो कार्यविधि कार्यान्वयनको क्रममा बाधा अड्चन आइपरेमा गाउँ कार्यपालिकाले यस्तो बाधा अड्चन फुकाउन सक्नेछ।

**८. बचाउ** :- यस कार्याविधिमा उल्लेख भएका बिषयमा यसै कार्याविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

## अनुसूची १

(दफा ३ (क) सँग सम्बन्धित )

सूचना

प्रथम पटक प्रकाशित मिति :-

आ.ब ................को बार्षिक स्वीकृत कार्यक्रम अनुसार हल गोरु पालन प्रोत्साहन अनुदान कार्यक्रमको माध्यम बाट स्वरोजगार सृजना गर्ने साथै गोरुले खेत जोति खेति गर्ने परम्परा को संरक्षण गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक कृषकबाट प्रस्ताब आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावक कृषकले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिल अनुसारका कागजातहरु सहित तोकिएको ढाँचा अनुसारको प्रस्ताव गाँउपालिकाको पशुसेवा शाखामा दर्ता गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

**१ .** नागरिकता को छाँया प्रति १ थान ।

**२ .** सम्बन्धित बैंकको खाता नम्बर ।

**३.** अनुसुची ३ बमोजिम कम्तिमा २ बर्ष हल गोरु पाल्ने र आफै खेत जोत्ने कार्यमा संलग्न भएको तथा हुने प्रतिवद्धता पत्र ।

**४ .** निवेदक र हलगोरु संयुक्त रुपमा देखिने गरि गोठमा बाँधेको कलर फोटो ।

**५ .** सम्बन्धित वडाको सिफारिस ।

**६.** म्याद नाघि आएको निवेदन मान्य हुने छैन ।

## अनुसूची २

(दफा ३ (ख) सँग सम्बन्धित )

आवेदन पत्र

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू ,
तमानखोला गाउँपालिका गाँउकार्यपालिकाको कार्यालय,
बोङ्गादोभान बागलुङ ।

विषय : हल गोरु प्रोत्साहन रकम उपलब्ध गराइ पाउँ ।

उपरोक्त सम्बन्धमा तमानखोला गाउँपालिका वडा नं....निवासी म ........................ले तपसिलको विवरण रहेको हल गोरु पालन पोषण गरेको हुँदा तहाँ कार्यालयको मिति २०८../...../...... गतेको सूचना अनुसार पाउनु पर्ने स्थानीय गोरु संरक्षण प्रोत्साहन रकम उपलब्ध गराई पाउँ भनि तपसिलका कागजात संलग्न गरि यो निवेदन पेश गरेको छु ।

तपसिल :

१) हल गोरु संख्या :
२) अनुसूची ३ अनुसारको प्रतिवद्धता :
३) संलग्न कागजातहरु :

- नागरिकताको छाँया प्रति
- बैंकको चेकको छाँया प्रति
- हल गोरु सहित पशुपालकको फोटो
- आफ्नो र अन्यको समेत खेत जोत्ने सिफारिस

निवेदक
दस्तखत :
ठेगान :
फोनं.:

**अनुसूची ३**

(दफा ३ (ख-५) सँग सम्बन्धित )
प्रतिवद्धता पत्र

मिति :

श्री, प्रमुख प्रशासकिय अधिकृतज्यू ,
तमानखोला गाउँपालिका बागलुङ ।

विषय : प्रतिवद्धता सम्बन्धमा ।

महोदय,
उपरोक्त सम्बन्धमा म तमानखोला गाउँपालिका वडा नं. .......निवासी ..........................ले विगत वर्ष देखि नै .........जोडी हल गोरु पालन गरि खेति गरि रहेको र तहाँ कार्यालयको मिति २०८../...../... गते प्रकाशित सूचना अनुसार उक्त कार्यक्रममा छनौट भएमा कम्तिमा २ वर्ष हल गोरु पाल्ने र आफै खेत जोत्ने कार्यमा संलग्न हुने प्रतिवद्धता जाहेर गर्दछु । यदि नगरेमा कानुन बमोजिम सँहुला बुझाउँला ।

दस्तखत :
नाम :
ठेगाना :
फोन :

**अनुसूची ४**

(दफा ४ सँग सम्बन्धित )

हल गोरु पालन प्रोत्साहन अनुदान कार्यक्रममा कृषक छनौट गर्दा अपनाईने मूल्याङकनका आधारहरु

| क.सं. | दर्ता नं. | ठेगाना | गोरु पालेको वर्ष प्रति वर्ष १० का दरले बढीमा (३०) | गोरु संगै स्थानीय गाई समेत पालन गरेको (१०) | आफ्नो मात्र खेत जोत्ने कृषक लाई (१०) | अन्य कृषक को पनि खेत जोत्ने कृषक लाई (२०) | दलित समुदायको कृषक (१०) | आफै हली भएमा (१०) | फर्म दर्ता भएको (१०) | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

आज्ञाले,

ईश्वरलाल शाक्य

प्रमुख प्रशासकीय अधिकृत